आज मिती २०७७ साल असार महिनाको ०१ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क्र.स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

मिति २०७७।०३।०१

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. प्रदेश सरकारको सर्शत अनुदानको योजना संचालनमा सम्बन्धमा ।
२. कोरोना कोषबाट खर्च भएको रकम भुक्तानी सम्वन्धमा ।
३. करार कर्मचारीको म्याद थप सम्वन्धमा ।
४. बाटो घाटो र कुलो मर्मत सम्भार सम्वन्धमा ।
५. आर्थिक सहायता सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको प्रदेश सरकारको सर्शत अनुदानको योजना संचालन सम्बन्धी प्रस्तावमा छलफल गर्दा प्रदेश सरकारको सर्शत अनुदान ढिलो गरी जेष्ठको मसान्तमा बजेट तथा कार्यक्रम स्वीकृत भई प्राप्त भएको र खुला टेण्डरबाट कार्यक्रम संचालन गर्न प्रयाप्त समय नभएको जनताको लागि प्राप्त भएको आयोजना फ्रिज हुनु भन्दा जनसहभागीतामा काम गर्न मनासिव भएको हुँदा देहाय बमोजिमको प्रदेश सरकारको शशर्तका योजनाहरु लागत सहभागितामा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने र उक्त योजना कार्यान्वयन गर्न गठन हुने उपभोक्ता समिति नगरप्रमुख ज्यूको अध्यक्षतामा गठन गरी चालु आ.व.को असार मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजना स्थल | लागत सहभागिता | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | (प्रदेश सरकारको स्वीकृत बजेट) | जनसहभागिताको रकम | जम्मा रकम रु. | |
| १ | सडक कालो पत्रे | वडा नं. ५ को भिखारी टोल देखि उत्तर जाने बाटो सडक कालोपत्रे | ७५,००,००० | ८,३३,५०० | ८३,३३,५०० | |
| २ | सडक ढलान | वडा नं ७ को चिताइन मन्दिर देखि पिच सडक जानेबाटो सडक ढलान | २५,००,००० | २,७८,००० | २७,७८,००० | |

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको कोरोना कोषबाट खर्च भएको रकम भुक्तानी सम्बन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट कोरोना (कोभिड १९) को रोकथाम र नियन्त्रण तथा क्वारेन्टाइन र आइसोलेसनमा भएको देहाय बमोजिमको खर्चहरु भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०७७।०३।०१

आइसोलेसनमा १४ जना

क्वारेन्टाइनमा अहिले सम्म जम्मा २८६ जना नगरपालिकाबाट खाना खुवाएको संख्या १०० जना मात्र स्वास्थ्यकर्मी सहित ।

देहाय

| सि.नं. | खरिद गरिएको सामान/खर्चको विवरण | दर | परिमाण | जम्मा रकम | भुक्तानी लिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेड सेट (तन्ना १, झुल १, सिरानी खोल सहित १ र मेट्रेक्स ३/७-१ सहित जम्मा ४ थान) | १३०४ | ५०० | ६५२००० | महादेव टेडस,अनि सम्लार्यस,राम नरेश ठाकुर मार्फत | कुवोरेन्टाइन र आइसोलेसनम |
| २ | खाना सेट (विहान वेलुका खाना १, नास्ता १, चिया १, पानी ५ वोतल) | ५०५ | १०० | ७०७००० | विगन होटल मलंगवा, पवन होटल हरिपुर | १४ दिन |
| ३ | मास्क (एन ९५) | ४०० | ७०० | २८०००० | विकाउ महतो मार्फत | |
| ४ | सेनीटेशन (टवाइलेट ब्रस, हरपिक्स, फिनायल, लुगा धुने सावुन, तुथपेष्ट, तुथब्रस, | | | ५०००० | राम नरेश ठाकुर ,बिकाउ महतो मार्फत | |
| ५ | सेनीटाइजर, हयाण्डवास, क्लोरिन झोल | | | २५०००० | बिकाउ महतो ,राम नरेश ठाकुर मार्फत | |
| ६ | डिजीटल थर्मामिटर | २५० | ५०० | १२५००० | विकाउ महतो मार्फत | |
| ७ | सरसफाई ज्याला | | | ५०००० | | |
| ८ | कुवारेन्टाइन तथा आइसोलेसनमा विजुली वाइरिंग | | | २००००० | रसिलाल राय,राम नरेश ठाकुर मार्फत र विद्यालयको खातामा | |
| ९ | अन्य विविध (आइसोलसनमा बस्ने कर्मचारी तथा सुरक्षाकर्मीलाई पानी, ल्याव टेक्नीसियन तथा PCR test को लागि दैनिक भ्रमण भत्ता खर्च,कोदालो,नरियल डोरी,रिन्च,बेल्चा | | | १५०००० | बिकाउ महतो,नवलकिशोर राय,रामनरेश ठाकुर मार्फत | |
| १० | सर्जिकल मास्क | ८ | १००० | ८००० | विकाउ महतो मार्फत | |
| ११ | पिसिआर किट (भिटिएम) | ४५२ | ५०० | २२६००० | विकाउ महतो मार्फत | |
| १२ | थर्मल गन | १३००० | ४ | ५२००० | विकाउ महतो मार्फत | |
| | जम्मा | | | २७७५००० | | |

**निर्णय नं. ३**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको करार कर्मचारीको म्याद थप सम्बन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाका वडा नं. १ र २ मा विगत ८ वर्ष देखि कार्यालय सहायकमा कार्यरत रहेका चण्डीका मैनाली र राधिका कुमारी अधिकारीलाई सहायक स्तरको ४ तहको प्रशासन सेवामा म्याद थप गर्न नमिल्ने भएको र निजहरुको सेवा यस नगरपालिकालाई आवश्यक भएको र निजहरु दुवै जनाले कार्यालय सहयोगीको पदमा करार सेवामा बस्न मंजुर गरेकोले हाल सम्म निजहरु वडा कार्यालयमा काम काज गरिरहेको हुँदा निजहरुको म्याद समाप्त भएको मिति २०७६ चैत्र १ गते देखि असार मसान्त सम्म कार्यालय सहयोगीको पदमा करारा गरी काम लगाउने निर्णय गरियो ।

मिति २०७७।०३।०१

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको बाटो घाटो र कुलो मर्मत सम्भार सम्बन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा रहेका विभिन्न बाटोहरु बर्षातको कारणले हिलो भई मर्मत सम्भार गरिदिन भनि धेरै जनगुनासो आएको हुँदा यस नगरपालिकाको सवै वडालाई वडा समिति मार्फत आफ्ना वडामा रहेका बाटो घाटो र कुलो मर्मत सम्भार गर्न प्रति वडा रु. १,००,०००।०० (एक लाख) दरले खर्च गर्ने गरी बाटो घाटो कुलो मर्मत गर्ने निर्णय गरियो । र उक्त रकम चौथो नगरसभाको पेज नं. ३७ को सि.नं. २१ मा निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च र कन्टेजेन्सी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आर्थिक सहायता सम्बन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुको अति विपन्न तथा गरिववर्गको घर बासोवास मिति २०७७।०१।    मा आएको भिषण हावाहुरीले घर वास उडाई घर विहिन भएका देहाय अनुसाका व्यक्तिहरुलाई दैविक प्रकोप उद्दार शिर्षकको प्रकोप व्यवस्थापन कोषबाट देहाय अनुसारको रकम राहत स्वरुप वितरण गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | राहत लिने व्यक्तिको नाम | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | तौकिर मंसुर | ६ | १००००।०० | |
| २ | जिवछ चौधरी | ७ | १००००।०० | |
| ३ | रवु हुसेन हुसेन | ५ | १००००।०० | |
| ४ | मकर बहादुर थापा | २ | १००००।०० | |
| ५ | विफिया देवी | ६ | १००००।०० | |
| ६ | जनरैल अंसारी | ५ | १००००।०० | |
| ७ | अनवरी खातुन | ६ | १००००।०० | |
| ८ | ओजरी मंसुर | ६ | १००००।०० | |
| ९ | रेयाज अहमद साह | ६ | १००००।०० | |
| १० | कविरा खातुन | ६ | १००००।०० | |
| ११ | हजरुल खातुन | ६ | १००००।०० | |

मिति २०७७।०३।०१

| | | | | |
|---|---|---|---|---|
| १२ | मेफुल खातुन | ६ | १००००।०० | |
| १३ | राम नारायण साह | ७ | १००००।०० | |
| १४ | सुरज राम | ४ | १००००।०० | |
| १५ | सलामत अंसारी | ५ | १००००।०० | |
| १६ | मंजु वि.क. | १ | १००००।०० | |
| १७ | मैति माया वि.क. | १ | १००००।०० | |
| १८ | रुपलाल ढुंगाना | १ | १००००।०० | |
| १९ | भुम कुमारी मैया | १ | १००००।०० | |
| २० | नजाम मंसुर | ६ | १००००।०० | |
| २१ | अलाउद्दिन मंसुर | ६ | १००००।०० | |
| २२ | जनक राम | कार्यपालिका सदस्य | १०००००।०० | कायपालिका सदस्य विमारी भएकोले आर्थिक सहायताबाट |